**कार्यपालिका बैठक संख्या नं. ५१** **स्थानः नगरपालिका भवन** **मिति २०८२/०३/०३ गते**

**समयः विहान ११:०० बजे**

**प्रस्तावहरुः**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. कानून स्वीकृत सम्बन्धमा।
३. स्वास्थ्य संस्थाको भवन निर्माणका लागि अनुरोध गर्ने सम्बन्धमा।
४. नगर सभाको अधिवेशनमा पेश गर्ने कानूनी तथा नीतिगत मस्यौदाहरु अनुमोदन सम्बन्धमा।
५. कृषि विकास रणनीतिक गुरुयोजना स्वीकृत सम्बन्धमा।
६. फोहरमैला व्यवस्थापन केन्द्रको संक्षिप्त वातावरणीय प्रतिवेदन स्वीकृत सम्बन्धमा।
७. नगरपालिकास्तरीय सामाजिक परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा।
८. विभिन्न सडक निर्माण लागि भएको मेसीन प्रयोग र खपत भएको इन्धनको खर्च अनुमोदन सम्बन्धमा।
९. घर जग्गा अभिलेखीकरण सम्बन्धमा।
१०. घर बीमा कार्यक्रममा आवद्ध व्यक्तिहरुको निवेदन कर्णाली प्रदेश सरकारलाई सिफारिश गर्ने सम्बन्धमा।
११. शारदा नगरपालिका र सिद्धकुमाख गाउँ पालिकाको साझेदारी कार्यक्रमलाई भुक्तानी दिने सम्बन्धमा।
१२. विविध।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ असार ०३ गते**

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १**

शारदा नगर कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २**

कार्यपालिकाको ५०औं बैठकले राय सहित यस कार्यपालिका बैठकमा पेश गर्ने गरी विधेयक समितिमा पठाएको तपसीलमा उल्लेखित मापदण्ड तथा रणनीति प्राप्त राय सुझाव सहित स्वीकृत गर्ने निर्णय गरियो ।

१. करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनस्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०८२

२. लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०८२

**निर्णय नं. ३**

यस शारदा नगरपालिका वार्ड नं. १३ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र, स्यानीखालको हालसम्म आफ्नो भवन नभएकोले कार्यसम्पादन गर्नमा कठिनाई भईरहेको हुँदा उक्त वडामा मापदण्ड बमोजिमको भवन निर्माणका लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाण्डौलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

नगर सभाको १७ औं अधिवेशनमा पेश गर्न कार्यपालिकाको ५० औं बैठकले अनुमोदन गरेका नीतिगत तथा कानूनी मस्यौदाका थप कागजात र विवरणहरु अनुमोदन गरी नगर सभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

नगर कार्यपालिकाको ३९ औं बैठकले दिएको सैद्धान्तिक सहमति अनुसार **क्रियटिभ मिडिया एण्ड रिसर्च कनसल्टेन्सी**, **काठमाण्डौ**ले पेश गरेको कृषि विकास रणनीतिक गुरुयोजनाको प्रतिवेदन र प्रस्तुती बैठकमा पेश भई प्राप्त सुझाव सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

नगर कार्यपालिकाको ३९ औं बैठकले दिएको सैद्धान्तिक सहमति अनुसार शारदा नगरपालिका वार्ड नं ३ मा रहेको यस नगरपालिकाको फोहरमैला व्यवास्थापन केन्द्रको सम्बन्धमा **Everest Engineering Consultancy, Banke** ले पेश गरेको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस नगरपालिकासंग सम्झौता भई नगर कार्यपालिकाको कार्यालय र मातहतका वडा कार्यालय एवं स्वास्थ्य चौकीहरुको सेवा प्रवाह र सुशासन प्रवर्द्धन सन्दर्भमा **उज्यालो सञ्चार केन्द्र, सल्यान**ले गरेको सामाजिक परीक्षणको प्रतिवेदन बैठकमा प्रस्तुत भई प्राप्त राय सुझाव सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ असार ०३ गते**

यस आर्थिक वर्ष २०८१/८२ मा नयाँ सडकको ट्र्याक खोल्ने तथा जीर्ण सडकहरुको मर्मत एवं सरसफाईमा प्रयोग भएका स्काभेटर र व्याकहो लोडरले २०८२ जेष्ठ १३ गते देखि हालसम्म प्रयोग गरेको इन्धन वापतको रकम रु. १२ लाख बराबरको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

शारदा नगरपालिकामा पूर्व निर्मित हालसम्म नक्सा पास नभएका सार्वजनिक जग्गा, कुलो, खोला, नदी, राजमार्गको अधिकार क्षेत्र, सडक मापदण्ड भित्र पर्ने भवनहरुको नक्सा अभिलेखीकरण गर्न **घर नक्सा अभिलेखीकरण गर्ने कार्यविधि, २०७७** अनुसार तपसिल बमोजिमका कागजातहरु पुरा गरी सूचना प्रकाशनको मिति देखि ६० दिन भित्र निवेदन पेश गर्न सर्वसाधारणको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**तपसीलः**

१. निवेदन
२. जग्गाधनीको नागरिकताको प्रतिलिपि
३. जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि(लालपूर्जा)
४. प्रमाणित सक्कल नापी नक्साब्लू प्रिन्ट नक्सा/
५. चालु आघर जग्गा कर तिरेको रसिद प्रतिलिपि ,जग्गाको मालपोत.व.
६. चारकिल्लाको सक्कल प्रतिलिपि
७. वडा कार्यालयको जनप्रतिनिधिको रोहवरमा फिल्ड निर्धारण गरि पठाएको सर्जमिन मुचुल्का र चलनचल्तीको बाटो भएको सिफारिश पत्र
८. नगरपालिकामा सूचीकृत ईन्जिनियरबाट तयार पारेको नक्सा २ प्रति
९. जग्गाधनीको पासपोर्ट साईजको फोटो ३ प्रति
१०.पुरै मोहडा र तला स्पष्ट देखिने घरको रंगिन फोटो
११.घरधनीले नगरपालिका समक्ष गरेको कबुलियतनामा
१२. स्वघोषणा (आवश्यक परेमा मात्र)

**निर्णय नं. १०**

कर्णाली प्रदेश सरकारको आर्थिक सहयोग तथा शारदा नगरपालिकाको समन्वय र सहकार्यमा यस शारदा नगरपालिकाका १५ वटै वडाका व्यवसायिक प्रयोजन बाहेकका अन्य आवासीय घरहरुको निशुल्क घर बीमा कार्यक्रममा आवद्ध व्यक्तिहरुको आवेदन फारम, वडा कार्यालयहरुबाट प्राप्त प्राविधिक मूल्यांकन सहितको प्रमाणीकरण तथा सिफारिश पत्रका आधारमा कर्णाली प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयमा सिफारिश गर्ने तथा यस कामका सहकार्य गर्ने नेको इन्सोरेन्स कम्पनीलाई धन्यवाद दिने निर्णय गरियो ।

**निर्णय नं. ११**

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

यस नगरपालिका र सिद्धकुमाख गाउँपालिका सल्यान बीच भएको द्विपक्षीय सम्झौता बमोजिम खैराबाङ्ग मन्दिर परिसरमा निर्माणाधीन यात्रु बिसौनी तथा भण्डार कक्षको निर्माण पश्चातको भुक्तानी आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक विकास कार्यक्रमको खर्च शीर्षक नम्बर २२५२२ सि. नं. ६६ विभिन्न आयोजनाहरुको लागि Matching Fund समपुरक कोष शीर्षकबाट दिने भनी प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. १२**

विविध विषयमा तपसील अनुसार निर्णय गरियो।

(क) नगरसभाको १७औं अधिवेशनमा प्रमुख अतिथिका रुपमा कर्णाली प्रदेशका पूर्व मूख्यमन्त्री माननीय श्री जीवन बहादुर शाही, विशिष्ठ अतिथिका रुपमा कर्णाली प्रदेश सरकारका माननीय मन्त्री श्री सुरेश अधिकारी तथा अतिथिका रुपमा कर्णाली प्रदेश सभाका सदस्य माननीय श्री भीम प्रकाश शर्मा र माननीय श्री लक्ष्मी सुनारलाई आमन्त्रण गर्ने । त्यसैगरी जिल्ला समन्वय समितिका प्रमुख श्री बेलाराम रावत र उपप्रमुख श्री असवीर बुढाथोकीलाई समेत अतिथिका रुपमा आमन्त्रण गर्ने।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत